# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, कात्तिक २९ गते २०३४ साल

श्री ५ को सरकार

### निर्माण तथा यातायात मन्त्रालयको

### सूचना

सार्वजनिक सडक ऐन, २०३१ को दफा ५ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले काठमाडौं उपत्यका चक्रपथ निर्माण गर्नको लागि वाग्मती अञ्चल, काठमाडौं जिल्ला, स्वयम्भू गाउँ पञ्चायत वडा नं. ५ मा पर्ने निम्न लेखिएबमोजिमको जग्गा प्राप्त गर्ने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ।

पूर्व कि.नं. २६२, २६१, ३६५ को बाँकी जग्गा, पश्चिम भद्रमतीखोला र कि.नं. २५८ बाँकी जग्गा, उत्तर भद्रमतीखोला, दक्षिण स्वयम्भूबाट हलचोक जाने सडक यति ४ किल्लाभित्रको कि.नं. २५८ बाट १–६–२, कि.नं. २५९ को ०–१३–० पूरा, कि.नं. २६१ बाट ०–२–२, कि.नं. २६२ बाट ३–८–०, कि.नं. ३५६ को ०–१३–० पूरा, कि.नं. ३६४ को ०–१०–० पूरा, कि.नं. ३६५ बाट ०–०–२, समेतको जम्मा मालपोत रू. २३।७ (तेईस रूपैयाँ सात पैसा) लाग्ने जम्मा जग्गा रोपनी ७–८–२ (सात रोपनी आठ आना दुई पैसा) को कित्ता।

आज्ञाले–

नारायणप्रसाद अर्जेल

श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६८५